कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. ०८१-५४००५६

च.नं.- ४
प.सं.- ०७८/०७९

मिति २०७८/०४/२१

विषय: पठनपाठन निरन्तरताको रणनीति तय गरी पठाउनेबारे ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
कोहलपुर नगरपालिका, बाँके ।

प्रस्तुत विषयमा हाल कोभिड-१९ को दोस्रो लहरका कारण अन्य क्षेत्रजस्तै शिक्षा क्षेत्र पनि प्रभावित भइरहेको सन्दर्भमा स्थानीय प्रशासनबाट निरन्तर रुपमा शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) हाललाई सञ्चालन नगर्ने आदेश जारी भइरहेको अवगतै होला । यसैगरी यस शाखाबाट समेत विद्यार्थीको भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन नगर्न नगराउन निर्देशन गरिएकै छ ।

उक्त सन्दर्भमा लामो समयसम्म पठनपाठन सञ्चालन नभई विद्यालय जाने बालबालिकाहरु घरैमा अध्ययन विहीन अवस्थामा रहनु पर्दा बालबालिकाको पढाइलेखाइ अवरुद्ध हुन गई विद्यार्थीहरुमा पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरु हासिल गर्न, आवधिक परीक्षा सञ्चालन गर्न र सिकाइ उपलब्धिको वार्षिक मूल्याङ्कन गर्न कठिन हुने भएको हुँदा हालको कोभिड-१९ को सङ्क्रमणको खतरा र शैक्षिक संस्थाहरु भौतिक रुपमा सञ्चालन नगर्ने आदेशको परिपालना गर्दै अभौतिक रुपमा भए पनि कक्षागत पठनपाठनका केही न केही शैक्षिक गतिविधिहरु सञ्चालन गर्न आवश्यक महशुश भएको छ ।

यस कुरालाई दृष्टिगत गरी कोहलपुर नगरपालिका, नगरप्रमुखज्यूको समुपस्थितिमा मिति २०७८/०४/२० मा शिक्षा शाखामा बसेको शिक्षक महासङ्घ, पेसागत घटक, प्याबसन, एनप्याबसन र क्रिसाको संयुक्त बैठकबाट चालु शैक्षिक वर्ष २०७८ मा अधिकतम विद्यार्थीहरुको सहभागिता हासिल हुनेगरी पठनपाठनलाई निरन्तरता दिनका लागि अनलाइन, अफलाइन, रेडियो कक्षा, टेलिभिजन कक्षा, सियुजी पाठशाला र घरदैलो भ्रमण र लकडाउन खुलेको समयमा समेत अपनाउने सिकाइ सहजीकरणका मिश्रित (blended) रणनीतिहरु तय गरी पठनपाठनलाई निरन्तरता दिने र सबै विद्यालयहरुले तयार गरेको पठनपाठनको रणनीति यस शाखामा पठाउने निर्णय भएको हुँदा उक्त निर्णय बमोजिम गर्नु गराउनुहुन र यस शाखामा मिति २०७८ साल साउन मसान्तभित्र वैकल्पिक पठनपाठनको रणनीतिक योजना पठाउनुहुन अनुरोध छ ।

साथै आदेशको अवज्ञा गरी केही विद्यालयहरुमा विद्यार्थीहरुको भौतिक उपस्थितिमा लुकिछिपी कक्षा सञ्चालन भइरहेको र यसले गर्दा सङ्क्रमण फैलन सक्ने खतरा बढेको भन्ने जनगुनासो अझै निरन्तर रुपमा आइरहेको हुँदा स्थानीय प्रशासनबाट आदेश जारी भएको अवधिमा भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन नगर्ने / नगराउन र जारी आदेशको विपरीत हुने गरी विद्यार्थीहरुको भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन गरेको पाइएमा तत्काल नियमानुसार कार्यवाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत पुन: जानकारी गराइन्छ ।

.................
अनन्त कुमार पौड्याल
शिक्षा प्रमुख/उपसचिव

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय इकाइ, बाँके : जानकारीका लागि ।
श्री नगरप्रमुखज्यूको सचिवालय, कोहलपुर नगरपालिका, बाँके ।
श्री नगरकार्यपालिकाको कार्यालय, कोहलपुर नगरपालिका, बाँके ।
श्री नेपाल शिक्षक महासङ्घ, कोहलपुर, बाँके : विद्यालयहरुलाई जानकारी गराई परिपालनमा आवश्यक सहयोग हुन ।
श्री प्याबसन, कोहलपुर, बाँके : विद्यालयहरुलाई जानकारी गराई परिपालनमा आवश्यक सहयोग हुन ।
श्री एनप्याबसन, कोहलपुर, बाँके : विद्यालयहरुलाई जानकारी गराई परिपालनमा आवश्यक सहयोग हुन ।
श्री कोहलपुर क्षेत्र संस्थागत विद्यालय सङ्गठन (क्रिसा), कोहलपुर, बाँके: विद्यालयहरुलाई जानकारी गराई परिपालनमा आवश्यक सहयोग हुन ।